# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः८) पञ्चकन्या, पौष महिना ०९ गते, २०८१ साल (संख्याः ८**

**भाग–१**

## पञ्चकन्या गाउँपालिकाको शिक्षा ऐन, २०८१

## गाउँसभाबाट स्वीकृत मिति २०८१/०९/०९ गते

### प्रस्तावना

पञ्चकन्या गाउँपालिकामा बस्ने हरेक बालबालिका र नागरिकको शिक्षा सम्बन्धी हकलाई सुनिश्चित गर्ने, समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन व्यवस्था अनुकूल, पञ्चकन्या गाउँवासीहरुको ज्ञान, सीप, सदाचार, शिल र वौद्धिकता वृद्धि गर्न, सुशासन कायम गरी पारदर्शी बनाउन, शैक्षिक असमानतालाई न्यूनीकरण गरी गुणस्तरीय शिक्षामा सम्पूर्ण पञ्चकन्यावासीको सहज पहुँच कायम गर्न हाल सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्दै समय सापेक्ष शैक्षिक विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२६(१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(१) ले प्रदान गरेको अधिकार प्रयोग गरी पञ्चकन्या गाउँपालिकाको गाउँसभाले यो पञ्चकन्या गाउँपालिकाको शिक्षा ऐन २०८१ पारित गरी जारी गरेको छ।

### परिचछेदः १

**प्रारम्भिक संक्षिप्त नाम र परिभाषाः**

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो ऐनको नाम पञ्चकन्या गाउँपालिकाको शिक्षा ऐन २०८१ रहेको छ।

(ख) यो ऐन पञ्चकन्या गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

(ग) यो ऐन पञ्चकन्या गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) अनुमति भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) आधारभूत तह उत्तीर्ण परीक्षा भन्नाले आधारभूत तह कक्षा ८ को अन्त्यमा लिइने परीक्षा सम्झनु पर्दछ।

(ग) ऐन भन्नाले पञ्चकन्या गाउँपालिकाको शिक्षा ऐन २०८१ लाई सम्झनु पर्दछ।

(घ) कार्यपालिका भन्नाले पञ्चकन्या गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) कोष भन्नाले यसै ऐनको दफा २३ बमोजिमको विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्दछ।

(च) तोकिए वा तोकिएबमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम भन्ने जनाउँछ।

(छ) धार्मिक विद्यालय भन्नाले सनातनदेखि चलि आएको आ-आफ्नो रीतिरिवाज, संस्कृति र मूल्यमान्यता अनुसार सञ्चालन हुने गुरुकुल, गुम्बा, मदरसा लगायतलाई सम्झनु पर्दछ।

(ज) गाउँपालिका भन्नाले नेपालको संविधान बमोजिम गठन भएको पञ्चकन्या गाउँपालिकालाई सम्झनु पर्दछ।

(झ) गाउँपालिका अध्यक्ष भन्नाले पञ्चकन्या गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ।

(ञ) गाउँपालिका उपाध्यक्ष भन्नाले पञ्चकन्या गाउँपालिकाको गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ट) परिवार भन्नाले शिक्षक वा कर्मचारीसँग एकाघर सगोलमा बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले

पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ।

(ठ) परीक्षा समिति भन्नाले दफा १३ बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समिति सम्झनु पर्दछ।

(ड) पाठ्यक्रम विकास केन्द्र भन्नाले संघीय शिक्षा ऐन बमोजिम पाठ्यक्रम निर्माणका लागि स्थापना भएको निकायलाई सम्झनु पर्दछ।

(ढ) प्रधानाध्यापक भन्नाले दफा ३७ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ।

(ण) प्रमुख प्रशासकीय अधिकृत भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिमको पञ्चकन्या गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(त) प्रारम्भिक बाल विकास केन्द्र भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकाका लागि दफा ८ बमोजिम खोलिएको प्रारम्भिक बाल विकास केन्द्र, मन्टेश्वरी, नर्सरी, केजी आदि सम्झनु पर्दछ।

(थ) प्रारम्भिक बालविकास शिक्षा भन्नाले ५ वर्षभन्दा मुनिका बालबालिकाहरुलाई मनोरञ्जनात्मक विधिबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल विकास शिक्षा सम्झनु पर्दछ।

(द) प्राविधिक तथा व्यवसायिक शिक्षा भन्नाले प्राविधिक ज्ञान सीप दक्षता तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्ने कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्दछ।

(ध) प्राविधिक विद्यालय भन्नाले गाउँपालिकाले आवश्यकताका आधारमा विषयगत क्षेत्रको प्राविधिक जनशक्ति उत्पादन गर्न कृषि, पर्यटन, इन्जिनियरिङ, सूचना प्रविधि, वन विज्ञान लगायतका प्राविधिक धारको कक्षा सञ्चालन हुने गरी सञ्चालन गरेको वा सञ्चालन गर्न अनुमति दिएको विद्यालय सम्झनु पर्दछ। यस्ता विद्यालय सामुदायिक र संस्थागत दुवै हुन सक्छन्।

(न) मातृभाषी शिक्षा भन्नाले नेपाली भाषा र देवनागरी लिपिमा दिइने शिक्षा बाहेकको पञ्चकन्यामा बोलिने अन्य भाषा वा भाषा र लिपिमा दिइने शिक्षा सम्झनु पर्दछ।

(प) विद्यालय भन्नाले अनुमति वा स्वीकृति पाइ सञ्चालनमा रहेका सामुदायिक, संस्थागत र धार्मिक प्रकृतिका विद्यालय सम्झनु पर्दछ।

(फ) विद्यालय शिक्षा भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्दछ। (स्पष्टीकरणः आधारभूत तह भन्नाले प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा ८ सम्म वा प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा ५ सम्म वा प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा ३ सम्म दिइने शिक्षा र माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म वा कक्षा ९ देखि कक्षा १० सम्म दिइने शिक्षा सम्झनु पर्दछ।)

(ब) विशेष शिक्षा भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, वौद्धिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्दछ।

(भ) व्यवस्थापन समिति भन्नाले दफा २० बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

(म) शिक्षक सेवा आयोग भन्नाले संघीय कानुन बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्दछ।

(य) शिक्षा युवा तथा खेलकुद शाखा भन्नाले पञ्चकन्या गाउँपालिकाको शिक्षा शाखालाई सम्झनु पर्दछ।

(र) शिक्षा शाखा प्रमुख भन्नाले गाउँपालिका भित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा यस ऐन एवम् प्रचलित कानुन बमोजिम तोकिएका कार्य गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ।

(ल) शिक्षा समिति भन्नाले ऐनको दफा १४ बमोजिमको गाउँ शिक्षा समिति तथा दफा १५ बमोजिकको वडा शिक्षा समिति सम्झनु पर्दछ।

(व) शुल्क भन्नाले विद्यालयले ऐन वा प्रचलित कानुनबमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्दछ।

(श) शैक्षिक सत्र भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्दछ।

(ष) संस्थागत विद्यालय भन्नाले नियमित रुपमा अनुदान नपाउने गरी कम्पनी, गुठी, सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्ने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(स) समावेशी शिक्षा भन्नाले देहायको शिक्षा सम्झनु पर्दछः १. दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, वौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधीनमा रही दिइने शिक्षा,

२. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

(ह) सहकारी विद्यालय भन्नाले मुनाफारहित ढङ्गले सहकारीको भावना बमोजिम सञ्चालन हुने विद्यालयलाई सम्झनु पर्दछ।

(क्ष) सामुदायिक विद्यालय भन्नाले नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(त्र) सामुदायिक सिकाइ केन्द्र भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्दछ।

(ज्ञ) सामुदायिक सिकाइ केन्द्र भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन, अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्दछ।

## परिच्छेदः २ दुई

## विद्यालय खोल्ने र कक्षा/तह थप अनुमति वा स्वीकृति दिने, विद्यालय गाभ्ने, कक्षा वा तह घटाउने,स्थगन गर्ने र खारेजी सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) नेपाली नागरिक वा नेपाली नागरिकको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी वा सहकारी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिका समक्ष तोकिएको समयावधिमा तोकिएबमोजिमअनुमतिका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँपालिकाको शिक्षा शाखाले आवश्यक जाँचबुझ गर्ने, जाँचबुझ गरि आवश्यक रायसहित गाउँ शिक्षा समिति समक्ष पेश गर्नुगर्नेछ।

(३) उपदफा (२) बमोजिम गाउँ शिक्षा समितिले विद्यालय खोल्ल वा कक्षा वा तह थप गर्न सिफारिस गर्ने निर्णय गरेमा शिक्षा शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतमार्फत गाउँ कार्यपालिकामा पेश गर्नेछ।कार्यपालिकाले विद्यालय खोल्ल वा कक्षा वा तह थप गर्न आवश्यक देखेमा सो को अनुमति दिने निर्णय गर्नेछ।

(४) कार्यपालिकाले विद्यालय खोल्ल वा कक्षा वा तह थप अनुमति दिने निर्णय गरेमा शिक्षा शाखा प्रमुखले सोअनुसारको अनुमति सम्बन्धित विद्यालयलाई दिनुपर्नेछ।

(५) शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले विद्यालय खोल्ने अनुमति दिँदा विद्यालय नक्साङ्कनका आधारमा आवश्यक स्थानमा मात्र विद्यालय सञ्चालन गर्ने अनुमति दिने निर्णय गर्न सक्नेछ।

(६) विद्यालय खोल्न तथा कक्षा थपको लागि प्रस्ताव पेश गर्दा कम्तिमा चारवटा सम्बन्धित तह सञ्चालित छिमेकी विद्यालयको सहमती अनिवार्य हुनुपर्नेछ। यस्तो सहमती प्राप्त नगरेको भएमा विद्यालय खोल्न र कक्षा वा तह थप गर्न अनुमति दिने निर्णय गर्न सकिने छैन।

(७) विद्यालय सञ्चालन र सञ्चालित विद्यालयले पालना गर्नुपर्ने शर्तबन्देज तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(८) मातृभाषी शिक्षा सञ्चालन गर्न तोकिएका सम्पूर्ण मापदण्ड पूरा गरेका र शर्तबन्देज पालना गर्ने शैक्षिक संस्थालाई गाउँपालिकाले आधारभूत तहसम्मको विद्यालय सञ्चालन गर्ने अनुमति र स्वीकृति दिन सक्नेछ।

**४. गाउँपालिकाले विद्यालय सञ्चालन गर्न, गाभ्न, सार्न, नाम परिवर्तन गर्न, कक्षा वा तह घटाउन वा स्थगन गर्न वा बन्द गर्न सक्ने।**

(१) हाल सञ्चालनमा रहेका विद्यालयहरुलाई भौगोलिक दूरी, विद्यार्थी संख्या,गुणस्तर, सञ्चालन र व्यवस्थापन क्षमताको आधारमा दुई वा सो भन्दी बढी विद्यालय गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न, नाम परिवर्तन गर्न, कक्षा वा तह घटाउन वा स्थगन गर्न वा आवश्यक नभएको पर्याप्त आधार भए बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न, स्थगन वा बन्द गरिएको विद्यालय आवश्यकता र औचित्यका आधारमा पुनः खोल्न सम्बन्धित वडा शिक्षा समिति र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले अनुमति वा स्वीकृति दिन सक्नेछ। साथै आवश्यकताका आधारमा गाउँपालिकाले तोकिएबमोजिम आधारमा कुनै विद्यालयमा प्राविधिक धारको विद्यालय सञ्चालन गर्न निर्देशन/अनुमति दिन वा छुट्टै प्राविधिक विद्यालय सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

(३) कुनै पनि विद्यालयले विद्यालयको विकासमा उल्लेखनीय योगदान पुर्याउने राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्याती प्राप्त नेपाली नागरिक जसले आधारभूत विद्यालयको हकमा रु चालिस लाख र माध्यमिक विद्यालयको हकमा रु असी लाख नगद सहयोग गर्ने व्यक्तिले चाहेमा निजको सम्मानमा विद्यालयको नाममा निजको नाम जोड्न सकिनेछ।यसको लागि सम्बन्धित विद्यालयको अभिभावक भेलाले निर्णय गरी वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समिति मार्फत निर्णयार्थ गाउँकार्यपालिकामा पेश गर्नुपर्नेछ।

**५. शैक्षिक परामर्श सेवा,ब्रिज कोर्ष, शिक्षण कोर्ष, ट्युशन कोचिङ कक्षा, विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गर्नेः**

(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, शिक्षण कोर्ष, ट्युशन कोचिङ्ग कक्षा, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

तर यस दफाले सामुदायिक विद्यालयले विद्यार्थीको सिकाइ सुधारको लागि अतिरिक्त समयमा कक्षा सञ्चालन गर्न बाधा पर्ने छैन।

**(२)** उपदफा (१) बमोजिम शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, शिक्षण कोर्ष, ट्युशन कोचिङ्ग कक्षा, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था **तोकिएबमोजिम हुनेछ ।**

**६. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

गाउँपालिकाले सिकाइ केन्द्र मार्फत् आवश्यक पूर्वाधारको व्यवस्था पूरा गर्न लगाई अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले दफा ६ बमोजिमको कार्यक्रम सञ्चालनका साथै सिप विकास र निरन्तर सिकाइसमेतको काम गर्न तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**८. प्रारम्भिक बाल विकास केन्द्र सम्बन्धी व्यवस्थाः**

प्रारम्भिक बाल विकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेदः ३

### शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः

**९. विद्यालयको प्रकारः**

विद्यालयको प्रकार देहायबमोजिम हुनेछः

(क) सामुदायिक साधारण/ प्राविधिक तथा व्यवसायिक

(ख) संस्थागत साधारण/सहकारी/प्राविधिक तथा व्यवसायिक

(ग) धार्मिक वा परम्परागत

**१०. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली र अङ्ग्रेजी दुवै हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुनेछः

(क) भाषा विषयको हकमा सोही भाषा माध्यम हुनेछ।

(ख) आधारभूत तहको कक्षा ५ सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ।

**११.विद्यालयको शिक्षाको वर्गीकरणः**

विद्यालय शिक्षा माध्यमिक शिक्षा र आधारभूत शिक्षा गरी दुई तहको हुनेछ।

**१२. विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकः**

विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पूरा गरी आवश्यक सिकाइ उपलब्धि हाँसिल हुनेगरी अध्ययन अध्यापन /शिक्षण सिकाइ गराउनु पर्नेछ। विद्यालयले संघीय सरकारले तोकेको मापदण्डबमोजिमको पाठ्यक्रम लागू गर्नु पर्नेछ। संघीय सरकारले तोकेको मापदण्ड बमोजिमको अधीनमा रही गाउँपालिकाले तयार गरेको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक समेत विद्यालयले लागू गर्नुपर्नेछ। स्थानीय आवश्यकताको पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्नका लागि गाउँपालिकाले पाठ्यक्रम र शिक्षा विज्ञहरुको समूह बनाई पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण र विकास गर्न सक्नेछ। एकै विषयमा समेत नेपाली र अङ्ग्रेजी लगायतका फरकफरक भाषाका बहुपाठ्यपुस्तकको अध्ययन अध्यापन गर्न गाउँपालिकाले आवश्यक निर्देशन र व्यवस्था गर्नेछ।

**१३. आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा समितिः**

(१) गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा सञ्चालन तथा समन्वयका लागि देहायका पदाधिकारी रहेको परीक्षा समिति रहनेछ।

(क)प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख)सामुदायिक वा संस्थागत आधारभूत तह र माध्यमिक तहका विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा १ जना महिलासहित संयोजकद्वारा मनोनित २ जना- सदस्य

(ग) शिक्षा युवा तथा खेलकुद शाखाको कर्मचारी १ जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख- सदस्य सचिव

(२) परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

## परिच्छेदः ४

**गाउँ शिक्षा तथा वडा शिक्षा समिति, शिक्षक छनौट समिति, गाउँ शिक्षा अनुगमन समिति, शिक्षा शाखा प्रमुख सम्बन्धी व्यवस्थाः**

**१४.गाउँ शिक्षा समितिको गठनः**

(१) गाउँपालिकामा देहायबमोजिमको एक शिक्षा समिति रहनेछः

(क) गाउँपालिकाका अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाका उपाध्यक्ष — सह संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) कार्यपालिकाको सामाजिक विकास समिति (शिक्षा हेर्ने) का संयोजक — सदस्य

(ङ) गाउँपालिकाका सदस्यहरु मध्ये एक जना दलित र एक जना महिलासमेत रहनेगरी गाउँपालिकाले मनोनित गरेको दुई जना — सदस्य

(च) सामुदायिक विद्यालय मध्येबाट आधारभूत र माध्यमिक विद्यालयका प्रअ र शिक्षकहरु मध्येबाट एक जना महिलासमेत गाउँपालिकाले मनोनित गरेको दुई जना — सदस्य

(छ) गाउँपालिका क्षेत्रभित्रका शिक्षाप्रेमी/ शिक्षा विद्हरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको एक जना — सदस्य

(ज) गाउँपालिका भित्रका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना सदस्य — सदस्य

(झ) शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(२) शिक्षा समितिको बैठकमा आवश्यकता बमोजिम विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ।

(३) शिक्षा समितिको बैठक तोकिएबमोजिम हुनेछ।

(४) उपदफा (१) को खण्ड (ङ),(च),(छ) र (ज)बमोजिम मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ।

(५) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरुले आफ्नो पदीय आचरण पालना नगरेको अवस्थामा जुनसुकै बखत पदबाट हटाउन वा बर्खास्त गर्न सकिने छ। तर त्यसरी हटाउँदा वा बर्खास्त गर्दा मनासिव माफिकको सफाइ पेश गर्ने अवसरबाट बञ्चित गरिनेछैन। यसरी हटाए वा बर्खास्त गरिए उपर न्यायिक समितिमा उजुरी लाग्नेछ।

(६) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क)गाउँपालिका भित्रको शैक्षिक योजना निर्माण गर्ने।

(ख)गाउँपालिका भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धमा गाउँकार्यपालिकामा सिफारिस गर्ने।

(ग) विद्यालयहरुलाई आवश्यक आर्थिक स्रोतको खोजी गर्ने।

(घ) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने परीक्षाहरुलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने।

(ङ) गाउँपालिका क्षेत्रभित्र स्थापना भै कुनै तह वा सबै तह निजीस्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने।

(च) व्यवसायिक शिक्षा तथा सिपमुलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक सिपमुलक प्राविधिक शिक्षा विद्यालयको आवश्यकता एवम् संघीय सरकारको मापदण्डबमोजिम तोकिएको कक्षाबाट सञ्चालन गराउने।

(छ) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत बनाउने।

(ज) विद्यालयका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने।

(झ) विद्यालयहरुसँग सम्बन्धित विषयहरुको उपयुक्त संवोधन गर्ने।

(ञ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कनको लेखाजोखा गर्ने।

(ट) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने।

(ठ) विद्यालयमा शिक्षाको गुणस्तर उकास्ने उद्देश्यले विद्यालय स्थलगत अनुगमन, निरीक्षण र सुपरिवेक्षण गर्ने।

(ड) शैक्षिक संस्था र शिक्षक तथा कर्मचारीहरुलाई कामका आधारमा उत्प्रेरणा प्रोत्साहन तथा दण्डको व्यवस्था गर्ने गराउने।

(ढ) करारमा शिक्षक कर्मचारी छनौट गर्ने प्रयोजनका लागि विशेषज्ञको सूचि प्रकाशन गर्ने।

(ण) आवश्यकता अनुसार विज्ञहरु रहेको योजना निर्माण कार्यदल वा विज्ञ परिषद् बनाइ शैक्षिक गुणस्तर विकास सम्बन्धी तोकिए बमोजिम कामकाज लगाउने।

(त) गाउँपालिका भित्र आवश्यकता र औचित्यका आधारमा तहगत र विषयगत दरबन्दी मिलान गर्ने,गाउँपालिका भित्र शिक्षकको सरुवा गर्ने, रिक्त दरबन्दीमा अन्य स्थानीय तहबाट समेत सोही स्थानीय तहको सहमति लिई शिक्षक सरुवा गर्ने।

(थ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने।

**१५. वडा शिक्षा समितिः**

(१) गाउँपालिकाको प्रत्येक वडामा देहायबमोजिमका नौ सदस्यीय वडा शिक्षा समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| (ख) वडा समितिका सदस्यहरु मध्येबाट वडा अध्यक्षले तोकेको एक जना सदस्य | सदस्य |
| (ग) सम्बन्धित वडाभित्रका विद्यालयका विव्यस अध्यक्ष मध्येबाट वडाध्यक्षले मनोनित गरेको एक जना | सदस्य |
| (घ) सम्बन्धित वडाभित्रका विद्यालयहरुको प्र.अ. र शिक्षकहरु मध्येबाट वडा समितिले मनोनित गरेको एकजना महिलासहित दुई जना | सदस्य |
| (ङ) वडाभित्र स्थायी बसोबास गर्ने महिला र दलित अभिभावकहरु मध्येबाट वडा समितिले मनोनित गरेको एक/एक जनासहित दुई जना | सदस्य |
| (च) शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट वडासमितिले मनोनयन गरेको एकजना | सदस्य |
| (छ) वडा सचिव | सदस्य सचिव |

(२) वडा शिक्षा समितिमा मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ।

(३) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वडा भित्रका विद्यालयहरुको शैक्षिक उन्नयनका लागि योजना बनाइ लागू गर्ने,

(ख) मासिक रुपमा वडाभित्रका सबै विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी शैक्षिक गुणस्तर कायम गर्न सहयोग गर्ने ।

(ग) तोकिएको शीर्षकमा स्रोतबमोजिम मापदण्डको आधारमा वडा शिक्षा समितिले सामुदायिक विद्यालयलाई अनुदान दिनसक्नेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकम तोकिएबमोजिम कटौती गर्न सक्नेछ ।

(घ) वडाभित्रका विद्यालयहरुमा आर्थिक एवम् अन्य स्रोत पहिचान र व्यवस्थापन गर्ने ।

(ङ) गाउँ शिक्षा समितिको निर्देशन बमोजिम कार्य गर्ने ।

(च) तोकिएबमोजिम अन्य कार्य गर्ने ।

(छ) सामुदायिक सिकाइ केन्द्रहरुको रेखदेख र व्यवस्थापन गर्ने।

**१६. गाउँपालिका स्तरीय शिक्षक छनौट समितिः**

(१) कुनै पनि विद्यालयमा गाउँपालिकाले आर्थिक ब्ययभार व्यहोर्ने गरि गाउँपालिका अनुदान/ स्वयंसेवक शिक्षक, कर्मचारी र सहयोगी कार्यकर्ता नियुक्ति गर्नु पर्ने भएमा सो प्रयोजनका लागि गाउँपालिकाले देहायबमोजिम गाउँपालिकास्तरीय शिक्षक छनौट समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) गाउँपालिका अध्यक्षले तोकेको सम्बन्धित विषयको विज्ञ | सदस्य |
| (ग) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(२) उक्त समितिको कार्यविधि र बैठक सम्बन्धी अन्य व्यवस्था सोही समितिले तोकेबमोजिम हुनेछ ।

(३) छनौट समितिले गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयको रिक्त शिक्षक पदमा पदपूर्तिका लागि शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमबमोजिम परीक्षा सञ्चालन गरी सफल उम्मेद्वारहरुको योग्यता क्रमबमोजिमको सूचि प्रकाशन गर्नेछ ।

(४) यसरी प्रकाशित सूचिको योग्यताक्रमका आधारमा गाउँपालिकाले करारमा शिक्षक /सका नियुक्तगरी कामकाजको लागि सम्बन्धित विद्यालयमा पठाउनु पर्नेछ ।

(५) स्वीकृत दरबन्दी, राहत दरबन्दी, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त शिक्षण सहयोग अनुदानमा करारमा शिक्षक नियुक्ति प्रक्रिया संघीय ऐनकानुन बमोजिम हुनेछ।

**१७. शिक्षा अनुगमन समितिः**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न गाउँपालिकामा देहाय बमोजिमको शिक्षा अनुगमन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क)गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (ग) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य | सदस्य |
| (घ) दफा १४ को उपदफा १ को खण्ड (छ) बमोजिम गाउँ शिक्षा समितिका विज्ञ सदस्य मध्ये संयोजक (गाउँ उपाध्यक्ष)ले मनोनित गरेको एक जना | सदस्य |

(ङ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी सदस्य सचिव

(२) अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन गाउँ शिक्षा समिति समक्ष आवधिक रुपमा पेश गर्नु पर्नेछ। थप काम कर्तब्य र अधिकार तोकिएबमोजिम हुनेछ।

**१८.प्रमुख प्रशासकीय प्रमुखको काम, कर्तव्य, अधिकार**

(क) गाउँपालिकाको समग्र शैक्षिक निति,योजना , कार्यक्रम र बजेटको कार्यान्वन एवम् अनुगमन र सुपरीवेक्षण गर्ने/गराउने,

(ख) गाउँपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) शैक्षिक सहजकर्ता र सहजकर्ताको भुमिका निर्वाह गर्ने,

(घ) शिक्षा अधिकृतसँग शैक्षिक उपलब्धिका लागि कार्यसम्पादन करार गरि सो को सुपरीवेक्षण गर्ने।

(ङ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भएमा सो गर्ने।

(च) विद्यालयको लेखापरीक्षणको व्यवस्था मिलाउने।

**१९.शिक्षा शाखा प्रमुख**

(१) गाउँपालिकामा शिक्षा हेर्ने एकजना शिक्षा शाखा प्रमुख हुनेछ।

(२) शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(छ) शिक्षा सम्बन्धी स्थानीय योजना प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका र गाउँसभाबाट पारित गराइ कार्यान्वयन गर्ने गराउने।

(ज) गाउँपालिकाको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

(झ) शैक्षिक तथ्याङ् अध्यावधिक गरी गराइ प्रदेश तथा संघीय मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने।एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा विद्यालयले प्रविष्टि गरेको विद्यार्थी लगायत विद्यालयको तथ्याङ्क र विवरण सत्यापन गर्ने एवम् गलत विवरण प्रविष्टि भएको भए त्यस्तो विवरण हटाउने कार्य गर्ने गराउने।

(ञ) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने।

(ट) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापना, करार सम्झौता, सरुवा तथा बढुवा सम्बन्धी कार्य गर्ने, स्वीकृत दरबन्दी अनुसार शिक्षक कर्मचारीको तलब भत्ता निकासा गर्ने

(ठ) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विदाको अभिलेख अध्यावधिक गर्न लगाउने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य विदाहरु स्वीकृत गर्ने। शिक्षकको सालवसाली विदा प्रमाणित गर्ने।

(ड) विद्यालयहरुको क्लष्टर बनाइ तालिम सञ्चालन तथा अनुगमन सुपरिवेक्षण लगायत अन्य शैक्षिक क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाउने।

(ढ) विद्यालयको शैक्षिक गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विव्यस, अभिभावक तथा अन्य सरोकारवालाहरुको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने।

(ण) सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो विषय प्रति जिम्मेवार र जवाफदेही बनाउन प्रअलाई समसामयिक निर्देशन दिने र सोको अनुगमन गर्ने।

(त) विद्यालय तहको गाउँपालिकास्तरीय कक्षा ५ को वार्षिक परीक्षा तथा आधारभूत तह (कक्षा-८) को परीक्षा सञ्चालन गर्ने गराउने ।

(थ) विद्यार्थीको आधारभूत तह (कक्षा-८) उतीर्ण प्रमाणपत्रमा नाम, थर, जन्ममिति लगायतका विवरण फरक परेमा प्रचलित कानुनबमोजिम सच्याउने।

(द) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने।

(ध) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने।

(न) शिक्षकको पेशागत विकासमा सहयोग,सिकाइ विधि आदानप्रदान,नमुना शिक्षणसिकाइ,पृष्ठपोषण प्रदान गर्न आवश्यकताअनुसार विषयगत समिति र रोष्टर समूह निर्माण र अद्यावधिक गराई परिचालन गर्ने गराउने।

(ऩ) गाउँपालिकाभित्र सञ्चालित विद्यालयका कार्यरत शिक्षक, कर्मचारीको कार्यसम्पादन सुपरीवेक्षण गरि आवश्यकताअनुसार सकरात्मक र नकरात्मक प्रोत्साहन एवम् सम्मान गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।

(प) प्रमुख प्रशासकीय अधिकृतको सुपरिवेक्षण तथा निर्देशन र समन्वयमा कार्यसम्पादन गर्ने ।

## परिच्छेदः ५

**विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः**

**२०.विद्यालय व्यवस्थापन समितिको गठनः**

(१) विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहायबमोजिम सदस्य रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दुई जना महिलासहित चार जना सदस्य

(ख)सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिले तोकेको वडा सदस्य एकजना सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय वुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्ति वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गर्ने व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको उपलब्ध भएसम्म एक जना महिलासहित दुई जना सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको शिक्षक एक जना सदस्य

(ङ) प्रधानाध्यापक सदस्य सचिव

विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यालय स्तरीय बालक्लबले मनोनयन गरेको एक जना छात्र र एक जना छात्रा गरी दुई जनालाई आमन्त्रण गरिनेछ।

(२) उपदफा (१)को खण्ड (क), (ख), वा (ग) बमोजिमका सदस्यहरुले आफुहरुमध्येबाट मनोनित गरेको सदस्य विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछ ।यदि समिति गठन भएको ३५ दिनभित्र अध्यक्ष चयन हुन नसकेमा उपदफा (१) को खण्ड खण्ड (क), (ख), वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट आधारभूत तहको विद्यालयको हकमा सम्बन्धित वडा समितिले र माध्यमिक तहको विद्यालयको हकमा गाउँपालिकाले तोकेको सदस्य विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछन।

(३) उपदफा १ बमोजिम गठित समितिको मनोनित सदस्य वा अध्यक्षको पदावधि ३ वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(४) विद्यालय समायोजन भै एक आपसमा गाभिएका विद्यालय अन्तर्गत भौगोलिक अवस्थितिका कारण शाखा विद्यालयको रुपमा समायोजन भएको साविक फिडर विद्यालयमा कक्षा सञ्चालन भएको भए त्यस्ता कक्षाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि अभिभावक मध्येबाट अभिभाकले छानेको १ एक जना संयोजक र १ जना सदस्य तथा कक्षा इञ्चार्ज सदस्यसचिव रहेको समन्वय समिति गठन गरिनेछ। उक्त समितिका संयोजक वा सदस्य लिडर विद्यालयको व्यवस्थापन समितिमा स्वतः सदस्य रहनेछ।

(५) विद्यालय व्यवस्थापन समितिको गठन प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने।

(ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गर्ने।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा शिक्षा समिति र गाउँपालिकालाई दिने।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण विगार्न नदिने।

(च) स्थायी भै नियुक्तका लागि सिफारिस भएका शिक्षकहरुलाई विद्यालयमा हाजिर गराउने

(छ) गाउँपालिकाबाट स्वीकृत दरबन्दीमा शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्ने।

(ज) गाउँपालिकाले खटाएको रजिष्टर्ड लेखा परिक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने।

(झ) लेखा परिक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कार्वाही गर्ने र सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने।

(ञ) गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने।

(ट) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्नेगरी नियुक्ति वा बढुवा गरेका शिक्षकका लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिएबमोजिम पारिश्रमिक तथा सुविधाहरुको व्यवस्था गर्ने।

(ठ) शिक्षक र कर्मचारीहरुलाई तोकिएबमोजिम प्रोत्साहन र कार्वाही गर्ने।

(ड) वार्षिक रुपमा सामाजिक परीक्षण गराइ सोको प्रतिवेदन सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा पठाउने।

(ढ) रिक्त रहेको स्वीकृत दरबन्दी वा अनुदान कोटा राहत कोटा वा शिक्षण सहयोग अनुदान वा बालविकास केन्द्रमा शिक्षक करारमा नियुक्ति प्रचलित संघीय कानुनबमोजिम गर्ने। तर शिक्षक सेवा आयोगको करार सूचिका उम्मेद्वार सम्पर्कमा आएसम्म सोही उम्मेद्वारलाई नियुक्ति दिइ कामकाजमा लगाउनु पर्नेछ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नर शैक्षिक गुणस्तर कायम गरी शैक्षिक क्रियाकलाप सञ्चालनका लागि प्रत्येक विद्यालयमा देहायका सदस्य रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयका संस्थापक वा लगानीकर्ता मध्येबाट विद्यालयको सिफारिसमा गाउँ प्रमुखले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एक जना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट सम्बन्धित वडाको वडा समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना - सदस्य

(च)विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(८) उपदफा ७ को खण्ड क ख ग र ङ बमोजिमका अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा वा प्रमाणित भएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारीले जुनसुकै बखत पदबाट हटाउन सक्ने छ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन। त्यसरी पदबाट हटिसकेपछि हुने रिक्त पदमा बाँकी अवधिका लागि तत् तत् अभिभावक वा पदाधिकारीले मनोनयन वा नियुक्त गर्न सक्नेछ।

(९) संस्थागत विद्यालय व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

(क)विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने।

(ख)विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गर्ने।

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने। राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण विगार्न नदिने।

(ङ) गाउँपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने।

(च) प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेद्वार हुने योग्यता पुगेको व्यक्तिलाई शिक्षक छनौट समितिको अनुमति लिई शिक्षक पदमा नियुक्ति गर्ने।

(छ) गाउँपालिकाले तोकेबमोजिमको न्यूनतम तलब स्केलमा नघटाइ शिक्षकलाई तलब भत्ता खुवाउने।

(ज) अनुशासनहिन शिक्षक कर्मचारीलाई कारबाही गर्ने।

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै कानुन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरुको पालना गर्ने गराउने।

(ञ) विद्यालयको शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलापसमेतको प्रतिवेदन आवधिक रुपमा गाउँ शिक्षा समितिमा पेश गर्नु पर्नेछ। सो सम्बन्धमा गाउँ शिक्षा समितिले दिएको सुझाव र निर्देशन पालना गर्ने गराउने।

(ट) गाउँ शिक्षा समितिबाट स्वीकृत शुल्क मात्र लागू गर्ने गराउने।

(ठ) लेखा परीक्षण प्रतिवेदन र सामाजिक परीक्षणको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने गराउने।

(१०) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तब्य र अधिकार, अभिभावकको अभिलेख राख्ने, सदस्यको योग्यता, सदस्य छनौट सम्बन्धी व्यवस्था र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

(११) कुनै पनि व्यक्ति एक भन्दा बढी विद्यालयको व्यवस्थापन समितिमा रहन सक्नेछैन तर पदेनको हकमा यो लागू हुनेछैन। साथै निजामति कर्मचारी, सेना, प्रहरी, शिक्षक वा सार्वजनिक संस्थामा वैतनिक रुपमा काम गर्ने वहालवाला कर्मचारी सदस्य पदमा वहाल हुन सक्ने छैन तर शिक्षक प्रतिनिधिको रुपमा सदस्य हुन शिक्षकलाई बाधा पर्ने छैन त्यसैगरी निवृत्त कुनै पनि कर्मचारीलाई यस व्यवस्थाले सदस्य हुन बाधा पर्नेछैन।

**२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै पनि विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूर गर्न नसकेको भनी वडा शिक्षा समिति मार्फत् वा सिधै गाउँ शिक्षा समितिले कारण सहित गाउँपालिकामा सिफारिस गरेमा सोको कारण खुलाई गाउँपालिकाले तोकिएको प्रकृया पूरा गरी विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न आधारभूत तहको विद्यालयको व्यवस्थापन समिति सम्बन्धित वडा समितिले र माध्यमिक विद्यालयको व्यवस्थापन समिति गाउँपालिकाले गठन गर्न सक्नेछ ।

**२२.विद्यालय सञ्चालन कार्ययोजना र चौमासिक प्रगति प्रतिवेदन**

(१) यस ऐन वा प्रचलित कानुनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, उद्देश्य, मूल्य, मान्यता, सञ्चालन प्रकृया, सहकृयाकलाप र बालबालिकाको चौतर्फी विकास हुने, शिल निर्माण हुने र सिकाइ उपलब्धि वृद्धि हुने लगायतका क्रियाकलापहरुको स्पष्ट खाका बनाइ विद्यालयको कार्ययोजना अभिभावक भेलाबाट पारित गराइ लागू गर्नु पर्नेछ ।

(२) विद्यालय कार्ययोजना अनुसार विद्यालय सञ्चालन गर्नु विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक, शिक्षक सबैको कर्तब्य हुनेछ ।

(३) अध्यावधिक कार्ययोजना पारित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(४) विद्यालयले पाठ्यक्रम कार्यान्वयनसंगै निर्धारित सिकाइ र शैक्षिक उपलब्धि हासिल भए नभएको लगायत समग्र शैक्षिक स्थिति प्रतिवेदन शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

(५) गाउँपालिकाले गाउँ भित्रको शैक्षिक उन्नयनका लागि नमूना विद्यालयको विकास गर्न, आवश्यकता अनुसार नमूना विद्यालय स्थापना गर्न वा हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु मध्येबाट नमूना विद्यालयको रुपमा छनौट गरी सञ्चालन गर्न सक्नेछ । नमूना विद्यालयलाई सम्बन्धित विषयमा आवश्यक शिक्षक वा स्वयम् सेवक र थप सहयोगको व्यवस्था तोकिए बमोजिम गरिनेछ ।

## परिच्छेदः ६

### आर्थिक र जिन्सी व्यवस्था, लेखा र लेखा परीक्षण तथा अन्य व्यवस्थाः

**२३.विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकम रहनेछ।

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख)शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दानदातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र व्यवस्थापन गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ। उक्त कोषको सञ्चालन र लेखा परिक्षण तथा सामाजिक परिक्षण तोकिएबमोजिम हुनेछ।

**२४. अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षकमा स्रोतबमोजिम मापदण्डको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकम तोकिएबमोजिम कटौती गर्न सकिने छ।

(२) गाउँपालिका भित्र मौजुदा रहेको शिक्षक दरबन्दी मिलान गर्दा नपुग हुने अवस्था रहेको वा माध्यमिक तहको मुख्य विषय विज्ञान, गणित र अङ्ग्रेजी विषय शिक्षणका लागि माध्यमिक/निम्नमाध्यमिक तहको दरबन्दी कम भएको अवस्थामा गाउँपालिकाले तोकिए बमोजिम दरबन्दी सिर्जना गरी शिक्षण सहयोग कार्यक्रम सञ्चालनका लागि विद्यालयलाई तोकिएबमोजिम अनुदान दिन सक्नेछ।

(३) सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराइनेछ।

(४) गाउँपालिकाबाट प्रदान गरिने अनुदान रकमबाट हुने वित्तीय खर्च र अवस्थासहितको प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र गाउँपालिका शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

**२५.प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्नेः**

गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिएबमोजिमको अनुदान रकम दिन सक्नेछ।

**२६. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरुबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

(३) सबै बालबालिकाहरुलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(५) विद्यालयले विद्यार्थीहरुलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउँने छैन।

(७) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

**२७.छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

(१) गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

(२) गाउँपालिकाले गरीव जेहन्दार विद्यार्थीहरु वा कुनै निश्चित तह र कक्षाका सबै विद्यार्थीका लागि स्टेशनरी र पोशाक लगायत सामग्रीको व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले तोकिएबमोजिम कार्यविधि र मापदण्ड बनाइ विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न सक्नेछ। त्यस्तो छात्रवृत्ति प्राविधिक शिक्षा र उच्च शिक्षाको समेत हुनेछ।

(४) संस्थागत विद्यालयले भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी जेहन्दार, तोकिएबमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, छात्रा, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको छात्रवृत्ति व्यवस्थापनका लागि विद्यालयले गाउँपालिकाको प्रतिनिधिसमेत रहने छात्रवृत्ति छनौट समिति गठन गर्नेछ। सो समितिको निर्णयानुसार छात्रवृत्ति उपलब्ध गराइ सोको विवरण गाउँ शिक्षा समितिमा पेश गर्ने अनिवार्य दायित्व विद्यालयको हुनेछ।

**२८. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएमा वा विद्यालय बन्द गरिएमा वा कुनै विद्यालयमा गाभिएको अवस्थामा सो विद्यालयको सम्पत्ति गाभिएको अवस्थामा सोही गाभिएको विद्यालयमा र बन्द वा अनुमति स्वीकृति रद्द गरिएको अवस्थामा सोही वडाको नजिकैको विद्यालय वा दूरीको हिसावले सबैभन्दा नजिकको जुनसुकै वडाको विद्यालयमा सम्पत्ति हस्तान्तरणको व्यवस्था गर्न सकिनेछ। तर अन्य कुनै पनि विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचविखन गरी प्राप्त भएको रकम शिक्षा विकासमा खर्च गर्ने गरी गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

(२) विद्यालयको सम्पत्ति सर्वसाधारणलाई भाडा वा करार वा लिजमा दिँदा पूर्ण प्रतिस्पर्धाका आधारमा दिने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

**२९. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय, शैक्षिक गुठी, धार्मिक विद्यालय तथा सहकारी विद्यालयको रुपमा सञ्चालित विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ।

(३) सामुदायिक विद्यालय, शैक्षिक गुठी, धार्मिक विद्यालय तथा सहकारी विद्यालयको रुपमा सञ्चालित विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ।

**३०. लेखा र लेखापरिक्षण सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयले दोहोरो स्रेस्ता प्रणाली र प्रचलित लेखामानका आधारमा आयव्ययको स्रेस्ता राख्नुपर्नेछ।

(२) विद्यालयले राखेको स्रेस्ताको प्रचलित कानुनबमोजिम रजिष्टर्ड लेखापरिक्षकबाट वार्षिक रुपमा लेखापरिक्षण गराउनु पर्नेछ।

(३) विद्यालयको लेखापरिक्षणका लागि गाउँपालिका कार्यालयले लेखा परिक्षकको नियुक्ति गर्नेछ।

## परिच्छेदः ७

### दरबन्दी, दरबन्दी मिलान,शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्बन्धी व्यवस्थाः

**३१. दरबन्दी, दरबन्दी मिलान, सरुवा र पदस्थापनाः**

गाउँपालिका भित्रका विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको दरबन्दी गाउँ शिक्षा समिति मातहत रहनेछ। आवश्यकताका आधारमा गाउँ शिक्षा समितिले विद्यालयमा शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्नेछ। गाउँ शिक्षा समितिले प्रत्येक वर्ष मापदण्ड र तोकिएको आधारमा शिक्षक विद्यार्थी अनुपात निर्धारण गरी दरबन्दी मिलान गर्न सक्नेछ। हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐनबमोजिम गाउँपालिका मातहत रहनेछ।उक्त जगेडा शिक्षकलाई गाउँपालिकाले सट्टा र घुम्ती शिक्षकको रुपमा विद्यालयहरुमा खटाउन सक्नेछ।

**३२. शैक्षिक योग्यताः**

विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

**३३. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी शिक्षक अनुपात कायम गर्नु पर्नेछ।

**३४. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालय वा प्रशासनिक वा विशेषज्ञ सेवा लिने काममा बाहेक अन्य काममा लगाउनु हुँदैन।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा गाउँपालिकाले विद्यालयको पठनपाठनमा बाधा नपर्ने बैकल्पिक व्यवस्था मिलाइ तोकिएको अन्य कुनै काममा खटाउन सक्नेछ।

**३५. शिक्षकको नियुक्ति र सरुवा र काज सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयमा रिक्त स्थायी, अस्थायी, करार, अनुदानकोटा राहत र बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) गाउँपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करार, अनुदानकोटा राहत र बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको गाउँपालिका अन्तर्गतको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्नुपर्ने भएमा सम्बन्धित दुवै विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँ शिक्षा समितिले तोकिएबमोजिम प्रकृया अपनाइ सरुवा गर्न सक्नेछ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षकहरुलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा दरबन्दी मिलानका क्रममा र आवश्यकताका आधारमा अन्य अवस्थामा समेत गाउँ कार्यपालिकाले सरुवा गर्न सक्नेछ।

(४) अन्य स्थानीय तह अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षकले यस गाउँपालिका अन्तर्गतका विद्यालयको रिक्त समान तहको पदमा सरुवा वा समान पदमा पारस्पारिक सरुवा हुन चाहेमा दुवै विद्यालय र कार्यरत स्थानीय तहको सहमतिसहित निवेदन पेश गरेमा गाउँ गाउँ शिक्षा समितिले सरुवा गर्न सक्नेछ ।

(५) गाउँपालिकाभित्रका विद्यालयमा शिक्षक/कर्मचारीको आवश्यकता र विशेष परिस्थितिमा शिक्षा शाखाले शिक्षक/कर्मचारीलाई काज सरुवा गरि कामकाजमा खटाउन सक्नेछ।

(६) शिक्षक सेवा आयोगबाट सफल भै सिफारिस भएका शिक्षकलाई माध्यमिक/निमाको हकमा विषय मिल्ने गरी र प्राथमिकको हकमा दरबन्दी मिल्ने गरी स्थायी नियुक्ति गरी काममा लगाउनु पर्नेछ ।

**३६. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः**

अन्यत्र काममा लगाएको अवस्थामा र नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणनासमेत हुनेछैन ।

**३७. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक सामुदायिक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तीको लागि आधारभुत तह कक्षा १-५ को प्रधानाध्यापकको हकमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह , निम्न माध्यमिक तहको प्रधानाध्यापकको हकमा कम्तिमा स्नातक तह वा सो सरह र माध्मयिक तहको प्रधानाध्यापकको हकमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह सम्बन्धित तहमा कार्यरत स्वीकृत, राहत/अनुदान,संघीय शिक्षण सहयोग अनुदान, प्रदेश शिक्षण अनुदान वा गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुबाट विद्यालय विकास प्रस्तावसहित व्यवस्थापन समितिले समयसिमा तोकी दरखास्त आव्हान गर्नेछ।

तर, सम्बन्धित तहको शिक्षक नभएको अवस्थामा मात्र सम्बन्धित तहको प्रधानाध्यापकको लागि शैक्षिक योग्यता भएका तल्लो तहका शिक्षकहरुबाट समेत दरखास्त लिन सकिनेछ।यसरी सम्बन्धित तहको प्रधानाध्यापकको लागि समेत कुनैपनि शिक्षकको शैक्षिक योग्यता नभएमा विद्यालयमा उपलब्ध शिक्षकहरुबाट दरखास्त आव्हान गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन शिक्षक छनौट समिति समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम विद्यालय विकास प्रस्तावसहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनौट समितिले अनुसूची १ बमोजिम मूल्याङकन गरि सबैभन्दा बढि अंक प्राप्त गर्ने उम्मेद्वारलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिका समक्ष सिफारिस गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम सिफारिस प्राप्त भएमा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएक सुचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यदक्षता करार गरी विद्यालय व्यवस्थापन समितिले त्यस्तो उम्मेद्वारलाई प्रधानाध्यापकमा नियुक्ति गरि गाउँपालिका कार्यपालिकामा जानकारी दिनुपर्नेछ।

(६) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ।प्रधानाध्यपकको पदावधि सकिनु एक महिनाअघि यस दफाबमोजिमको प्रक्रिया सुरु गर्नुपर्नेछ।तर यो ऐन जारी भएको तीन महिनाभित्र पाँच वर्ष कार्यकाल व्यतित गर्ने प्रधानाध्यपकको हकमा यो ऐन जारी भएको तीन महिनाभित्र नयाँ प्रधानाध्यपक नियुक्ति गरिसक्नुपर्नेछ।

(७) यस ऐन र अन्यत्र जे व्यवस्था भएपनि गाउँपालिकाले निश्चित मापदण्ड बनाइ निश्चित अवधिका लागि करार सम्झौता गरी प्रधानाध्यापक नियुक्त गर्न बाधा पर्ने छैन।

**३८.स्थायी आवासीय अनुमति लिन नहुनेः**

सामुदायिक विद्यालयमा कार्यरत कुनै पनि शिक्षक वा कर्मचारीले अन्य कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड वा सजाय तोकिएबमोजिम हुनेछ।

**३९.शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ।

(२) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत् पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ। अनुगमन समितिको प्रतिवेदन र गाउँ शिक्षा समितिको सिफारिससमेतका आधारमा गाउँपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछः

(क) तोकिए बमोजिम पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा चिकित्सकबाट प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी कुनै राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको प्रमाणित भएमा(स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनुपर्छ।),

(छ) शिक्षक वा कर्मचारीले कार्यालय समयमा व्यवसायिक हकहितका नाममा अमुक राजनैतिक दलको हित वा विरोधमा कार्य गर्ने गतिविधिमा संलग्न भएमा।

(३) उपदफा २ बमोजिम वा अन्य कारणले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु वा वर्खास्त गर्नुपर्ने आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ। तर पदबाट हटाउनु अघि निजलाई मनासिव माफिकको सफाइ पेश गर्ने अवसरबाट वञ्चित गरिने छैन।

**४०. अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः**

(१) दफा (३९) बमोजिम सजाय भै नोकरीबाट हटाइएको वा वर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धिसमेत पाउन सक्नेछ।

# परिच्छेदः ८

## विविधः

**४१. विद्यालय सुरक्षित क्षेत्र हुनेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

**४२. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइनेछैन। तर बालविज्याइँ गरेको अवस्थामा सुधारका लागि आवश्यक कार्वाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मानिने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**४३.प्रगति विवरण बुझाउनु पर्नेः**

शैक्षिक सत्रको अन्त्यमा विद्यालयले लिएको लक्ष्य उद्देश्य अनुरुप शैक्षिक उपलब्धि हासिल भए/नभएको, विद्यार्थीको सिकाइ उपलब्धि हासिल भए/नभएको लागयत समग्र शैक्षिक प्रगति विवरण गाउँपालिकासमक्ष पेश गर्नु पर्नेछ।

**४४. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गपरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछः

(क)प्रश्न पत्रको गोपनीयता भङ्ग गरेमा,

(ख)उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गरेमा वा प्रवेश गर्न प्रयत्न गरेमा वा परीक्षा केन्द्रलाई नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक ब्रिजकोर्ष, कोचिङ कक्षा, परामर्श कक्षा, ट्यूशन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

(ज) कानुन विपरितका अन्य कार्य गरेमा।

(३) कानुन बमोजिमको कसुर सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी उपर मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म

निलम्बित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**४५. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुनबमोजिम पुनरावेदन लाग्नेछ ।

**४६.गाउँपालिकाले अनुमति र निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित छात्रावास, ट्यूशन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिम शर्त पूरा गरेका संस्थालाई अनुमति लगायतका आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तब्य हुनेछ ।

**४७. नियम, निर्देशिका, कार्यविधि बनाइ जारी गर्ने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित शिक्षा नियमावली बनाइ जारी गर्न सक्नेछ ।

(क)विद्यालयलाई दिइने अनुदान,

(ख)विद्यालयको परीक्षा,

(ग) विद्यालयको सम्पती सुरक्षा,

(घ) विद्यालयको छात्रावास सञ्चालन,

(ङ) विद्यालयको आयव्ययको जाँच,

(च) विद्यालयको पाठ्यक्रम,पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री,

(छ) अनौपचारिक शिक्षा,

(ज) आवासिय विद्यालय सञ्चालन,

(झ) गाउँ शिक्षा कोष,

(ञ) उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी सम्मान तथा प्रोत्साहन,

(ट) शिक्षक र विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता तथा पोसाक,

(ठ) विषयविज्ञ वा रोष्टर समूह निर्माण,

(ड) नमुना विद्यालय विकास र व्यवस्थापन,

(ढ) जगेडा र घुम्ती शिक्षक व्यवस्थापन,

(ण) अतिरिक्त क्रियाकलाप सञ्चालन,

(त) शिक्षक र शैक्षिक जनशक्ति क्षमता विकास तथा पेशागत सहयोग सम्बन्धी व्यवस्था,

(थ) विद्यालय शिक्षक/ कर्मचारी स्वैच्छिक अवकास,

(द) संस्थागत विद्यालय सञ्चालन र शुल्क सम्बन्धी,

(ध) गाउँपालिका अनुदान /स्वयंसेवक शिक्षक व्यवस्थापन।

(२) यस ऐनको कार्यान्वयनका लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि र मापदण्ड वा आधार तयार गरी लागू गर्न सक्नेछ ।

(३) गाउँपालिकाले समग्र शैक्षिक क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयसँग सम्बन्धित विशेष निर्देशन जारी गर्न सक्नेछ।

**४८. सङ्क्रमणकालिन व्यवस्थाः**

(१) यस ऐनले तोकेबमोजिम वा तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाको निर्णयबमोजिम गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(३) यस पूर्व गाउँकार्यपालिकाले जारी गरेको *पञ्चकन्या गाउँपालिका विद्यालय अनुमति,कक्षा थपघट तथा विद्यालय एवम् शिक्षक कर्मचारी व्यवस्थापन कार्यविधि-२०७५*, शिक्षक दरबन्दी मिलान कार्यविधि-२०७८ लगायत विद्यालय शिक्षासम्बन्धमा गाउँपालिकाबाट जारी भएका कार्यविधि अनुसार भएगरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ । साथै यस ऐनसँग बाझिएको बुँदा वा व्यवस्था बाहेक अन्य विषय अर्को शिक्षा कार्यविधि वा नियमावली स्वीकृत नहुँदासम्म यसै कार्यविधिबमोजिम गर्न गराउन बाधा पर्नेछैन ।

**४९. बाधा अड्काउ फुकाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको निर्णयले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ ।

(२) यस ऐनले व्यवस्था गरेको कुनै समिति गठन हुन नसकेमा अध्यक्षले तोकेबमोजिम हुनेछ।

**५०. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका र कार्यविधिमा उल्लेख भएका विषय सोही बमोजिम र उल्लेख नभएका विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधान र सङ्घीय तथा प्रादेशिक कानुनसँग सारभूत रुपमा बाझिएको यस ऐनको दफा र उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(३) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सरकारबाट दिइँदै आएको सेवा सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्नेछैन ।

**अनुसूची १**
**( दफा ३७ को उपदफा ४ संग सम्बन्धित)**
**<u>प्रधानाध्यापक छनौटका आधारहरु</u>**

| **<u>छनौटका आधार</u>** | **<u>अंक</u>** |
|---|---|
| (१) शैक्षिक योग्यता | |
| (क)न्युनतम शैक्षिक योग्यता | १५ |
| (ख)माथिल्लो शैक्षिक योग्यता | १० |
| (२) शिक्षण अनुभव | १० |
| (३) तालिम | |
| (क) शैक्षिक तालिम | ४ |
| (ख)विद्यालय व्यवस्थापन तालिम | १ |
| (४) अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १० |
| (५) विद्यालय विकास प्रस्ताव | |
| (क)विद्यालय विकास प्रस्ताव | १२ |
| (ख)विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ८ |
| (६) नेतृत्व लिने क्षमता र अवस्था | |
| (क)शिक्षा शाखा प्रमुख/विद्यालय निरीक्षकको मूल्याङ्कनबाट | १२ |
| (ख)व्यवस्थापन समितिको मूल्याङ्कनबाट | १२ |
| (ग) सम्बन्धित शिक्षककको मूल्याङ्कनबाट | ६ |

**<u>द्रष्टव्य</u>**

(१) न्युनतम शैक्षिक वापत अंक प्रदान गर्दा न्युनत शैक्षिक योग्यतावापत १५ अंक, द्वितीय श्रेणीको लागि १३ अकं र तृतीय श्रेणीको लागि ११ अंक दिइनेछ।माथिल्लो शैक्षिक योग्यतावापत अंक प्रदान गर्दा प्रथम श्रेणीको लागि १० अंक, द्वितीय श्रेणीको लागि ८ अंक र तृतीय श्रेणीको लागि ६ अंक दिइनेछ।माध्यमिक तहको लागि माथिल्लो योग्यता भन्नाले एम. फिल लाई जनाउँछ।

तर दश वर्ष स्थायी सेवा गरेका शिक्षकको हकमा स्नातक तहको शैक्षिक योग्यतावापत प्रथम श्रेणीको लागि १० अंक, द्वितीय श्रेणीको लागि ८ अंक र तृतीय श्रेणीको लागि ६ अंक दिइनेछ।

(२) शिक्षण अनुभव वापत अंक प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति लिई शिक्षण गरेको भए प्रति वर्ष २ अंकको दरले बढिमा १० अंक

(३) तालिमवापत प्रथम श्रेणीको लागि ४ अंक, द्वितीय श्रेणीको लागि ३ अंक र तृतीय श्रेणीको लागि २ अंक दिइनेछ। श्रेणी नखुलेको तालिमलाई द्वितीय श्रेणीको अंक दिइनेछ।शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एक तालिमको लागि मात्र अंक प्रदान गरिनेछ।

विद्यालय व्यवस्थापन तालिमको लागि १ अंक प्रदान गरिनेछ।

(४) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो चार शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढिमा २.५ अंकको दरले अधिकतम १० अंक दिइनेछ।

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उतीर्ण प्रतिशत} \times २.५}{\text{सम्बन्धित विषयको गाउँपालिकाको औसत उतीर्ण प्रतिशत}}$$

(क) भौगोलिक इकाइको उतीर्ण प्रतिशतको अंक ४० भन्दा कम भएमा ४० लाई मानिनेछ।

(ख) सम्बन्धित विद्यालय बाहेक अन्य विद्यालयका शिक्षक प्रधानाध्यापकको उम्मेद्वार भएमा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धीको आधारमा यस खण्डअनुसारको मूल्याङ्कन गर्नुपर्नेछ।

(५) विद्यालय विकास प्रस्तावको कार्यढाँचा देहायअनुसार हुनेछ।प्रस्ताव वापत अंक प्रदान गर्दा ८०% भन्दा बढि र ४०% भन्दा कम अंक दिनु परेमा सो को पुस्ट्याई समेत दिनुपर्नेछ।

(क) वर्तमान शैक्षिक र आर्थिक अवस्थाको विश्लेषण,

(ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि,

(ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धिको परिमाणात्मक र गुणात्मक अन्तर,

(घ) अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना,

(ङ) कार्ययोजनाको मूल्याङ्कनका।

(६) गाउँपालिका शिक्षा शाखा प्रमुख/विद्यालय निरीक्षक तथा व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेद्वारको नेतृत्व लिने क्षमता र अवस्थाको मूल्याङ्कन देहायका आधारमा गर्नुपर्नेछ।

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अतिउत्तम (२.००) | उत्तम (१.५०) | मध्यम (१.००) | सामान्य (०.७५) |
|---|---|---|---|---|---|
| (क) | शिक्षण पेशाप्रति निष्ठावान र लगनशिल | | | | |
| (ख) | विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| (ग) | विद्यार्थी, शिक्षक , वि.व्य.स र अभिभावकवीच सम्बन्ध स्थापना गर्ने सक्ने क्षमता | | | | |
| (घ) | उत्तरदायित्व र पारदर्शिता सम्बन्धि व्यवहार | | | | |
| (ङ) | भौगोलिक सहजता, टिकाउपना, स्थानीय परिवेशको ज्ञान | | | | |
| (च) | शिक्षण सिकाइको परिष्कृत सीप र प्रविधीको ज्ञान र प्रयोग | | | | |
| जम्मा | | | | | |

(७) सम्बन्धित विद्यालयका शिक्षकहरुले मूल्याङ्कन गरि अंक प्रदान गर्दा खण्ड ६ मा उल्लिखित मूल्याङ्कनको आधारमा अतिउत्तम, उत्तम,मध्यमर  सामान्य, वापत क्रमस १.००, ०.८०, ०.६० र ०.४० अंक प्रदान गर्नुपर्नेछ। शिक्षक छनौट समितिले वि.व्य.स. समितिद्वारा तोकिएको अवधिभित्र शिक्षकहरुबाट अलगअलग फाराममा गोप्य मूल्याङ्कनमार्फत  प्राप्त  अंकको औषत निकाल्नुपर्नेछ।उम्मेद्वार हुनेले मूल्याङ्कन प्रक्रियामा सहभागी हुन पाउने छैन।

(८) व्यवस्थापन समितिले उम्मेद्वारको मूल्याङ्कन गर्दा बैठक बसी लिखित निर्णय गर्नुपर्नेछ।

(९) नेतृत्व लिने क्षमता र अवस्था वापत अंक प्रदान गर्दा ८०% भन्दा बढि र ४०% भन्दा कम अंक दिनु परेमा सोको कारण समेत दिनुपर्नेछ।

**आज्ञाले**
**कृष्णहरि पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**